# संवत् २०७८ साल चैत १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कतारको राजधानी दोहामा २०२२ मार्च २६-२७ मा सम्पन्न दोहा फोरमको २० औं संस्करणको सम्मेलनमा सहभागी राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल नेतृत्वको टोलीको भ्रमण समर्थन गर्ने। |
| २. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री तोयम रायाको मिति २०७८/१२/१८ देखि २०७८/१२/२७ सम्मको भारत भ्रमण स्वीकृत गर्ने। |
| ३. | अर्थ मन्त्रालय | नेपाल राजस्व परामर्श विकास समितिको सदस्यमा स्याङ्जा जिल्ला वालिङ्ग न.पा. वडा नं.८ का श्री लेखनाथ शर्मा पंगेनी र काठमण्डौं जिल्ला नागार्जुन न.पा. वडा नं.१ का डा. जीवन अंगाईलाई नियुक्त गर्ने। |
| ४. | अर्थ मन्त्रालय | जनवादी गणतन्त्र चीन सरकारले प्रस्ताव गरेको आर्थिक तथा प्राविधिक सहायता सम्झौताअन्तर्गत प्राप्त हुने अनुदान सहायता र सीमा वारपार रेलमार्ग सम्भाव्यता अध्ययनसम्बन्धी प्राविधिक सहायता स्वीकार गर्ने। |
| ५. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | चीन सरकारसँग भएको "Implementation Agreement of China Aid on Oil and Gas Resources Survey Project in Nepal" सम्झौताको दुई वर्ष समयावधि थप गर्ने। |
| ६. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नेपाल र जनवादी गणतन्त्र चीनबीच शुन्य भन्सार तथा कोटारहित (Duty Free Quota Free) सुविधा सम्बन्धी LoE स्वीकृत गर्ने। |
| ७. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | नेपाल र जनवादी गणतन्त्र चीन बीच ग्रीड आबद्धताको सम्भाव्यता अध्ययन सम्बन्धी सम्झौता स्वीकृत गर्ने। |
| ८. | कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | दुग्ध विकास संस्थानको महाप्रबन्धक पदमा बलरा न.पा.-३, सर्लाही निवासी संजिव झालाई नियुक्त गर्ने। |
| ९. | गृह मन्त्रालय | जापानका लागि नेपालका पूर्व राजदूत श्री केदारभक्त माथेमालाई जापान सरकारबाट प्रदान गरिने The Order of Japan (the Order of the Rising Sun, Gold and Silver Star) सम्मान ग्रहण गर्न स्वीकृति दिने। |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय भूमि आयोगको सदस्यमा श्री भैरवराज रेग्मी, तानसेन-४, पाल्पा र नापी विभागको उपमहानिर्देक श्री करुणा के.सी.लाई तोक्ने। |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | चितवन इन्जिनियरिङ्ग क्याम्पस, रामपुर, चितवनलाई ब्याचलर अफ आर्किटेक्चरमा विद्यार्थी संख्या-२४ जना सहितको नयाँ कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी मान्यता प्रदान गर्ने। |
| १२. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन | तिलौराकोट कपिलवस्तु क्षेत्रलाई संरक्षित स्मारक क्षेत्र घोषणा गर्ने। |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| | मन्त्रालय | |
| १३. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोकसेवा आयोग तथा न्याय सेवा आयोगको सिफारिसबमोजिम विभिन्न सेवा, समूहका राजपत्राङ्कित ~~अराजपत्राङ्कित~~ द्वितीय श्रेणीका अधिकृतहरुलाई सम्बन्धित सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीका पदहरूमा नियुक्त तथा पदस्थापन गर्ने। |
| १४. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणको सदस्य नियुक्तिको लागि सिफारिस गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको संयोजकत्वमा सिफारिस समिति गठन गर्ने। |